दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २८७ | बुटवल | २०८१ कार्तिक ०४, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Oct. 20, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# पर्यटकीय गेट नजिकै सिद्धार्थनगरको फोहोरको थुप्रो

**प्रवेशद्वार नजिकैको फोहोरले पर्यटकमा नराम्रो छाप छाडेको छ भने फोहोर फालेबापत विकासको ललिपप पनि पूरा नहुँदा स्थानीय बासिन्दा रुष्ट हुन थालेका छन् ।**

**मोहम्मद हबिब**

*भैरहवा*



सिद्धार्थनगर नगरपलिका क्षेत्रको फोहोर विगत एक वर्षदेखि बेलहिया-बुटवल सडक खण्डमा बेलहिया नजिकको पर्यटकीय गेट नजिकै फालिदै आएको छ । नगरको फोहोर व्यवस्थापन वर्षौंदेखि वडा नं. १ डण्डा नदी किनार झण्डी बजार क्षेत्रमा फोहोर फाल्दै आएकोमा स्थानीयले अवरोध गरेसँगै गत वर्ष साउन ४ गतेबाट केही समयको लागि भन्दै सिद्धार्थनगरले बनाएको पर्यटकीय गेट नजिकै नगरको फोहोर डम्पिङ क्षेत्र बन्यो । तर यहाँ भने फोहोर फाल्न लागेको एक वर्ष बढी बित्दा समेत नगरपलिकाले फोहोर व्यवस्थापन अन्यत्र गर्न सकेको छैन । स्थलमार्ग भई नेपालकै सबैभन्दा बढी पर्यटक भित्रिने नाकाको रुपमा रहेको मुख्य राजमार्ग छेउमै नगरको फोहोर फालेर यो क्षेत्र नै दुर्गन्धित बनेको छ ।

'अघिल्लो मेयर साबले पर्यटक गेट बनाई चहलपहल हुने वातावरण बनाउनु भयो अहिलेको मेयर साबले यहाँ कोही नबसुन् भनेर फोहोरको दुर्गन्ध मच्चाउनु भयो,' स्थानीयले भने -'हामीलाई केही समयको लागि अस्थायी रुपमा फोहोर फाल्छौं भनेर अनुरोध गर्नुभयो, हामीले सहर्ष स्वीकार गऱ्यौ, तर फोहोर फाल्न लागेको यतिको समय बितिसक्दा पनि यसलाई अन्यत्र सार्नेतर्फ खासै चासो देखिएको छैन ।'

पर्यटकलाई लक्षित गरी सिद्धार्थ गौतमबुद्धको जन्मभूमिमा प्रवेश गरेको अनुभूति दिलाउने भनि बनाइएको सिद्धार्थ राजमार्गमा अवस्थित गेट नजिकै नगरपालिकाले फोहोर व्यवस्थापन गर्दा यसबाट नकारात्मक सन्देश गएको छ । गेट नजिकै पर्यटक रोकिएर केही समय भुलाउन सकियोस् भन्ने नगरपालिकाको मनसायले गेट बनाए पनि अहिले नगरपालिकाले नै पर्यटक भगाउन लागे जस्तो देखिन्छ ।

नाकाबाट केही दुरीभित्र रहेको प्रवेशद्वार बुद्धत्व झल्कने लक्ष्यले बनाइए पनि अहिले सोही नगरपालिकाले नगरको फोहोर नै गेट नजिकै फाल्दै आएको छ । दैनिकरुपमा सिद्धार्थनगरबाट उत्सर्जन भएको ३० टनको हराहारीमा फोहोर नगरपालिकाले करिब सय जना जनशक्ति लगाएर १२ वटा ट्र्याक्टर, ठेला र कुचीकारहरुबाट फोहोर संकलन गरी यहाँ व्यवस्थापन गर्दै आएको छ ।

फोहोर नगरपालिकाले गेट नजिकै डण्डा नदीको किनारमा नगरपालिकाले व्यवस्थापन गर्दै आएको छ । केही समयदेखि सिसाको टुक्रा संकलन केन्द्र बनेको सो क्षेत्रमा अहिले सिसा बाटोको पारि र फोहोर वारितर्फ डम्पिङ भइरहेको छ ।

सिद्धार्थनगर नगरपालिकाले वर्षौंदेखि वडा नं. १ डण्डा नदी किनार झण्डी बजार क्षेत्रमा फोहोर फाल्दै आएको थियो । फोहोरले स्थानीय प्रभावित भएसँगै वडा नम्बर १ र २ का बासिन्दाले फोहोरको गाडी प्रवेश नै रोक लगाई विरोधमा उत्रेका थिए । यस अघि पनि स्थानीयले पटक-पटक विरोध जनाएकोमा विभिन्न सहमतिमा विगत ३ दशक देखि नियमित रुपमा नगरको फोहोर सोही क्षेत्रमा व्यवस्थापन हुँदै आएको थियो । स्थानीयले गरेको विरोधसँगै नगरपालिकाले फोहोर डम्पिङ क्षेत्रको स्थान नै परिवर्तन गरेको छ ।

पुरानो ठाउँमा स्थानीयले गरेको अवरोधका कारण एक वर्षदेखि सिद्धार्थ राजमार्ग नजिक पर्यटकीय गेटको पश्चिमतर्फ नदी किनारमा फोहोर व्यवस्थापन भइरहेको छ । नगर क्षेत्रबाट संकलन भएको फोहोर गेट नजिकैको क्षेत्रमा ट्र्याक्टरमार्फत् पठाउने, खाल्डोमा फोहोर राखी सम्याउने र माटो पुर्ने गरी फोहोर व्यवस्थापन गरिरहेको नगरपालिकाले जानकारी दिएको छ । । डम्पिङ क्षेत्रमा दुर्गन्ध नआओस् भन्नका लागि मट्टितेल, फिनेल र इमो झोल दैनिक रुपमा हाल्ने गरिएको छ ।

स्थानीय अलि हुसेनले केही समयको लागि भनेर फोहोर फाल्न सुरु भएदेखि हामीलाई बस्ने स्थिति नै नभएको बताए । 'दुर्गन्ध र झिंगाले स्थानीय बासिन्दाको स्वास्थ्यमा पनि बेला बेलामा समस्या आउने गरेको छ, नगरपालिका गएर मेयर साबलाई भनेको पनि हो, तर समस्या समाधान भएको छैन, पहिला अलि टाढा फालिन्थ्यो अहिले भरिदै जाँदा बस्ती नजिकैसम्म फोहोर आइपुगेको छ । गन्धले बसी नस्कनु भएको छ ।'-उनले भने ।

नौडिहवाका स्थानीयले फोहोर फाल्न लागेदेखि दुर्गन्धले गेट नजिक जाने स्थिति छैन । त्यहाँ मात्रै होइन हावा चल्दा यसको असर गाउँसम्म पनि आउने गरेको छ, यसले महामारी फैलाउने जोखिम पनि छ, नगरपालिकाले तत्काल यसको समाधान गरी बस्तीबाट टाढा व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ । यसले आउने पर्यटकमा नकारात्मक छाप छाडेको उनले बताए ।

सिद्धार्थनगर नगरपालिका वडा नं. १ का अध्यक्ष उज्ज्वल पोखरेलले ७ दिनको लागि समय मागेर फोहोर व्यवस्थापन गर्न दिएको बताउँदै पछि गेट नजिकैको सो क्षेत्रमा पहिलादेखि नै सिसाको कवाड (फोहोर) संकलन गरी वातावरण नै प्रभावित बनेकोले पटक-पटक हटाउने प्रयास गरे पनि नमानेपछि जरिवाना स्वरुप नगरको फोहोर सोही क्षेत्रमा फाल्न दिएको बताए ।

» *बाँकी ३ पेजमा*

## 'सरकार बदलाको भावनामा'



पोखरा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उप-सभापति स्वर्णिम वाग्लेले संगठित अपराधी अहिलेको मन्त्रिपरिषद्मा रहेको आरोप लगाएका छन् । सभापति रवि लामिछाने पक्राउ परेपछि पोखरामा आयोजित विरोध कार्यक्रममा बोल्दै उनले बदलाको भावनाले सरकार अघि बढेको बताए ।

उनले भने-'प्रधानमन्त्रीले पार्टीका कार्यालय बनाउन स्वार्थ बाँझिने गरी व्यवसायीसँग जग्गा लिएका छन् । नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर बेच्ने गिरोह संगठित अपराधी त अहिलेको मन्त्रिपरिषद्मा छन् । उनीहरुबाट ध्यान मोड्न अहिलेको यो काम भइरहेको छ ।'

बेचन झा पक्राउ गरेको २४ घण्टाभित्र सरकार ढाल्नुको कारण जनताले बुझेको उनको भनाइ छ । उप-सभापति वाग्लेले रविलाई एक दिन भए पनि जेलमा राख्न सकिएन भने आफ्नो राजनीति सकिने भयो भन्नेहरुले बदलाको भाव देखाएको जिकिर गरे ।

यस्तै रास्वपाका सह-प्रवक्ता मनिष झाले सरकार सहकारीको समस्या समाधान गर्नभन्दा पनि सरकार आफ्नो कुण्ठा पोख्ने र प्रतिशोध साँध्नेतिर मात्र लागेको बताए । सहकारी बचत अपचलन संसदीय छानबिन समितिले ४० वटा सहकारीबाट ८७ अर्ब रुपैयाँ अपचलन भएको देखाएको तर सरकारले गोर्खा मिडिया प्रालिमा सहकारीबाट गएको ६५ करोडको विषयलाई मात्र उछालेको उनले बताए । रविलाई पक्राउ गरेर प्रधानमन्त्रीले आफ्नो कुण्ठा मात्र पोखेको सह-प्रवक्ता झाले बताए ।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य हरि ढकालले सडकमा रास्वपाले सुशासनको नारा घन्काउन थालेपछि बालुवाटारका भित्ताहरू काम्न थालेको दाबी गरेका छन् ।

शनिबार पार्टी सभापति रवि लामिछाने पक्राउ परेपछि आयोजना गरिएको प्रदर्शनको सभालाई सम्बोधन गर्ने क्रममा उनले ३४ वर्षसम्म रजगज गरेका मारवाडीका दलालहरू थरथर काम्न थालेकोदेखि राति निदाउनै छाडेको सम्म आरोप लगाए । उनले राज्यसत्ताको चरम दुरुपयोग गरेर सभापति लामिछानेलाई पक्राउ गरिएको दाबी गरे । ढकालले देश प्रधानमन्त्री केपी शर्मा ओलीको मात्रै नभएको दाबी गरे । उनले परराष्ट्रमन्त्री आरजु राणा देउवातर्फ इंकित गर्दै देशर भाउजुहरूको मात्रै नभएको पनि बताए ।

## लाखौं सहकारीपीडितको रकम फिर्ता गरिनुपर्छ : मसाल

बुटवल । नेकपा मसालले पूर्व गृहमन्त्री एवं रास्वपा सभापति रवि लामिछानेमाथि निष्पक्ष छानवीन हुनुपर्ने बताएको छ । सहकारी रकमको अपचलनको अभियोगमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई गिरफ्तार गरेपछि त्यसबारे पार्टीको दृष्टिकोणबारे महामन्त्री मोहनविक्रम सिंहले विज्ञप्ति जारी गर्दै प्रतिशोध सांधेर नभई सत्य र तथ्यका आधारमा निष्पक्ष छानवीन हुनुपर्ने माग गरेका हुन् ।

सहकारी रकमको हिनामिना वा ठगी अहिले देशको गम्भीर राष्ट्रिय समस्या बनेको भन्दै सहकारी रकमको हिनामिना र ठगी गर्ने व्यक्तिहरूमाथि छानवीन गरेर उनीहरूको अपराधअनुसार कारबाही गर्नु पर्ने विज्ञप्तिमा भनिएको छ । सहकारीको रकम अपचलन गरी अन्य व्यक्तिको नाममा लुकाएको सम्पत्ति समेत जफत गरेर सहकारी पीडितहरूको सम्पत्ति फिर्ता गर्न मसालले माग गरेको छ । 'लाखौं जनतासँग सम्बन्धित यो मुद्दा अत्यन्तै गम्भीर विषय हो र त्यसको समाधानको लागि सरकारले कडा कारबाही गर्नुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ,' विज्ञप्तिमा भनिएको छ-'रवि लामिछानेमाथि कुनै पूर्वाग्रहको आधारमा होइन, सत्य र तथ्यको आधारमा निष्पक्ष छानवीन गरेर न्यायोचित कारबाही गरिनु पर्दछ ।'

देशका भष्टाचारसम्बन्धी कतिपय मुद्दाहरूमा छानवीन वा कारबाही नगरिएकाले रवि लामिछानेबारे गरिएको कारबाही पूर्वाग्रह हो भन्ने पनि गरिएकाले त्यस प्रकारका भष्टाचारसम्बन्धी सबै मुद्दाहरूमा छानवीन वा कारबाही गर्न मसालले माग गरेको छ । 'शक्तिको आड वा अन्य कुनै कारणले भ्रष्टाचारका मुद्दाहरूलाई दबाएर राख्नु सही होइन ।'-विज्ञप्तिमा उल्लेख छ ।

## जीप दुर्घटनामा दुई जनाको मृत्यु, २८ घाइते

कावासोती । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको कावासोतीमा जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी जेसी शाहका अनुसार कावासोती-१ बालुवाडाँडास्थित भित्री सडकखण्डमा बुलिङटारबाट कावासोतीतर्फ आइरहेको जीप दुर्घटना उक्त हताहति भएको हो । घाइतेलाई नवलपुर अस्पताल र मध्यविन्दु जिल्ला अस्पताल पुऱ्याइएको छ । क्षमताभन्दा बढी यात्री बोकेकाले दुर्घटना भएको प्रहरीको अनुमान छ ।

## प्यूठानका किसान व्यवसायिक फूल खेतीमा



**राधिका भुसाल**

*प्यूठान*

प्लास्टिक जन्य फूलको आयात कम गर्न माण्डवी गाउँपालिकामा व्यावसायिक फूल खेती सुरु भएको छ । यस वर्षको भाइटीका अर्थात् तिहार पर्वलाई लक्षित गर्दै फूलखेती सुरु गरिएको हो ।

माण्डवी गाउँपालिका-३ लामाचौरस्थित माण्डवी पुष्पखेती फर्ममार्फत् झण्डै चार रोपनी जमिनमा सयपत्री फूल लगाएको फर्म सञ्चालक चेतकला केसीले बताइन । 'अहिले परीक्षणको रुपमा लगाइएको फूलले बजार राम्रो पाएमा व्यवसाय विस्तार गर्दै जाने योजना समेत बनाएकी छु,' माण्डवी गाउँपालिका-३ निवासी केसीले भनिन्-'सयपत्री फूल बिक्रीबाट यसवर्ष न्यूनतम करिव ३ लाख जति कारोबार गर्ने अपेक्षा राखेकी छु ।'

फूलसँग रमाउने रुची भएकोले सानैदेखि फूलप्रति आफ्नो मोह बढि हुँदा फूल खेती नै सुरुवात गरेको केसीले बताइन । साउनमा लगाइएका सयपत्रीका बिरुवा अहिले फूलेर लटरम्म भएका छन् । अहिलेसम्म करिव २० किलो फूल बिक्री भइसकेको उनले बताइन । फूल प्रतिकिलो ६ सयका दरले बिक्री गरेको उनको भनाइ छ ।

लोकल, कर्मा र जय किसान गरी तीन प्रजातिका फूल उनको बारीमा ढकमक्क फूलेको छ । नेपालीको दोस्रो ठूलो पर्व तिहार समेत नजिकिँदै गएका बेला बारीभरी पहैंलपुर बनेको फूलले सहजै बजार पाउने चेतकलाको विश्वास छ । मकै र गहुँ खेती हुने बारीमा यस वर्षदेखि फूलखेती गरिएको उनी बताउँछिन् । मकैभन्दा फूलखेती गरेमा धेरै आम्दानी गर्न सकिएला भन्ने ठानेर मकै र धान फूलखेती गरेको केसीको भनाइ छ ।

बाह्रैमास सयपत्री उत्पादन गर्न सकेमा कुनै पनि सभा समारोहमा बाहिरबाट फूल आयात गर्न नपर्ने र व्यावसायीले समेत मनग्गे आम्दानी गर्न सकिने माण्डवी गाउँपालिका अध्यक्ष नमराज अधिकारी (रोशन) ले जानकारी दिए । 'हामीले माण्डवी गाउँपालिकामा प्लास्टिकको फूल प्रतिबन्ध गरेका छौं,' अध्यक्ष अधिकारीले भने-'तिहारमा जतिसक्दो सयपत्री एवं प्राकृतिक रुपमा तयार भएका फूलबाट बनेका माला लगाएर स्थानीय फूल उद्यमीलाई प्रवर्द्धन गर्न अनुरोध गरेका छौं ।' गाउँपालिका पहिलो पटक व्यक्तिगत पहलमा सुरु गरिएको व्यावसायिक फूलको खेती राम्रो छ । फूल बिक्रीका लागि पालिकाले पनि सहजीकरण गर्नुका साथै आगामी वर्षमा फूलको व्यावसायिक खेतीका लागि इच्छुक किसानलाई पालिकाले सघाउने अध्यक्ष अधिकारीको भनाइ छ ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# बुटवलको व्यवसायिक वातावरण नबिगार

सार्वजनिक निजी साझेदारी मोडलमा चलाउने पूर्व प्रतिबद्धता त्यागेर एउटा निजी कम्पनीलाई बुटवलको अत्याधुनिक वधशाला सुम्पेपछि बुटवल उप-महानगरपालिका अहिले मासु व्यवसायीविरुद्ध लागेको छ। बुटवल उप-महानगरपालिकाको भनाइ छ, कि वधशालामा खसी बोका वध गर, होइन भने मासु पसल बन्द गर। मासु व्यवसायी पूर्व प्रतिबद्धता त्यागेर धोका भएको भन्दै वधशालामा नजाने बरु बुटवलमा मासु व्यवसाय बन्द गर्ने घोषणा गरेका छन्। बुटवल उप-महानगरपालिका र मासु व्यवसायीबिचको टकरावले बुटवलमा व्यवसायिक वातावरण बिग्रिएको छ।

बुटवल उप-महानगरपालिकाले वधशालामा वध नगरेको भन्दै अनुगमनका नाममा बलजफ्ती गर्ने, मासु जफत गर्ने रवैयाप्रति आक्रोश उठ्नु स्वाभाविकै हो। उप-महानगरपालिकाले पूर्व प्रतिबद्धता तोड्नुको कारण नबताएर दादागिरी देखायो भन्ने व्यवसायीको गुनासो जायज छ, पहिले गरेअनुसारको सहमति तोड्दा त्यसको कारण सरकारले दिन सक्नुपर्छ। व्यवसायीले किन पूर्व सहमति तोडियो भन्ने प्रश्नको उत्तर जान्न खोजिरहेका छन्, उनीहरुले गरेको प्रश्नको उत्तर दिन उप-महानगरपालिका किन खोजीरहेको छैन ? पूर्व सहमित तोड्नुको कारण बताएर अब वधशाला चलाउन मासु व्यवसायीको सहयोगको आग्रह गर्नुपर्छ। मासु व्यवसायीको सहयोग बिना वधशाला चल्दैन। राज्यको २३ करोड लगानी भएको वधशाला अलपत्र पर्दा आगामी दिनमा यस्ता आयोजनामा लगानी गर्न हच्किनुपर्ने देखियो। उप-महानगरपालिका स्थानीय सरकार हो, घरदैलोको सरकार सेवाग्राही र नागरिकप्रति विनम्र हुँदा राम्रो हो, सरकार नै दादागिरी र उदण्ड शैलीमा उत्रदा नागरिक प्रतिशोध महँगो पर्न सक्छ। अहिले बुटवलका मासु व्यवसायी तिलोत्तमा नगरपालिकामा सटर लिएर मासु बेच्न थालेका छन्। बुटवलमा अनुगमन भन्दै मासु जफत गर्ने र जरिवाना गर्ने रवैया बढेपछि उनीहरु विस्थापित हुनु बाध्यता भयो।

यो द्वन्द्व लामो समयसम्म राख्नु हुन्न। बुटवलबाट व्यवसायीहरु धमाधम विस्थापित हुँदा त्यसले यहाँ नकारात्मक असर गर्छ। सटरभाडा महँगो हुँदा बुटवलमा व्यवसायिक वातावरण छैन भन्ने महशुस व्यवसायीले गरेका छन्। बुटवलको मुख्य बजारबाट व्यवसायीहरु धमाधम बाहिर निस्केर व्यवसाय गर्न थालिरहेका छन्। मासु व्यवसायीहरु संगठित रुपमा बुटवल बाहिर निस्केको घोषणा गर्दा त्यसले पार्ने प्रभाव ठूलो र जटिल खालको हुन सक्छ।

अझैं समस्या समाधानको संभावना टरेको छैन। वधशाला चल्ने र मासु व्यवसायी यही टिक्ने विन्दुको खोजी उप-महानगरपालिकाले खोज्नुपर्छ।

# बढ्दो विदेश पलायनप्रति सरकार गम्भीर बन्नेकि !



**मोहन कुँवर**

*विदेशमा विद्यार्थी भिसामा भविष्य सुरक्षित गर्न नेपालबाट सोचेभन्दा केही कठिन हुन सक्दछ, सुरुमा धेरै काम गर्न नसकिने र कलेज शुल्कलगायत अन्य सामान्य खर्चहरुको मूल्य पनि महङ्गो हुने भएकोले केही वर्ष नेपालबाट आर्थिक व्यवस्थापन गर्न सक्ने हो भने केही रुपमा भए पनि सहज हुन्छ, तर सबैको त्यो अवस्था नहुन पनि सक्छ। यतिबेला देशमा भएका युवाहरुको विदेश पलायनले गाउँहरु युवाविहीन जस्तै हुन पुगेको छ, डाडाँपाखाका उर्वरा खेतबारीहरु पुरै बाँझो भएका छन्, गाउँमा बुढा बा, आमा, श्रीमती र छोराछोरीहरु मात्रै रहेका छन्, विवाह, पूजाआजा, मृत्युमा युवाहरु पाउन निकै मुस्किन देखिन्छ।*



पछिल्लो समय आम नेपालीहरुको रोजगारीको लागि प्रमुख गन्त्यव्य वैदेशिक भूमि बनेको छ। देशमा बढ्दो बेरोजगारी र राजनैतिक अस्थिरतासँगै नागरिकहरुमा देखिएको निराशाले दैनिकी हजारौं युवाहरु देश छोडेर जान बाध्य भएका छन्। देशमै आफ्नो अध्ययन पूरा गरेर पनि सोचे जस्तो तलब र सेवासुविधा नपाउँदा पनि धेरै जसो युवाहरु विदेशीएका छन्।

देशको चौतर्फी विकासको लागि युवाहरुलाई देशमै परिचालित गराउन सरकार अग्रसर हुनुपर्ने तर पछिल्लो समय नेपालको राजनैतिक अस्थिरताले गर्दा त्यसो हुन सकिरहेको छैन। देश प्राकृतिक स्रोत र साधनले भरिपूर्ण हुदाँहुदैं पनि त्यसको उचित तरिकाले प्रयोगमा ल्याउन नसक्दा पनि देशमा रोजगारको समस्याले गर्दा धेरै जसो युवाहरु विदेशिन बाध्य भएका छन्। देशमा जतिसुकै सरकार परिवर्तन भएता पनि नागरिकको हकहित सम्बन्धमा उचित नीतिनियम बन्न नसक्दा पनि देशका नागरिकहरुले विभिन्न किसिमका समस्याहरु अझैं पनि झेल्नुपरेको छ। देशमा गणतन्त्र आएपछि नागरिकरुलाई देशमै रोजगार, स्वास्थ्य, शिक्षालगायत अन्य आधारभूत कुराहरुमा सहज होला भन्ने ठूलो आशा र विश्वास थियो, तर नागरिकहरुले त्यसको ठिक विपरित अवस्था भोगिरहनु परिरहेको छ। नेताहरुले देश र जनताका लागि भन्दा पनि आफ्ना नजिकका आसेपासे र पार्टीका कार्यकर्ताहरुलाई प्राथमिकता दिएको देखिन्छ।

देशमै लगानी गरेर केही गर्छु भन्ने युवाहरुलाई पनि बारम्बार सरकार परिवर्तनसँगै नीतिगत रुपमा हुने परिवर्तनले निराशा बनाएको छ। पछिल्लो समय उज्ज्वल भविष्यको बाटो खोजिरहेका ११/१२ कक्षा अध्ययन गर्दै गरेका विद्यार्थीहरुले पनि परीक्षा सकिने बित्तिकै विदेश अध्ययनको लागि हतार हतार योजना बनाएर निर्णय गरेको देखिन्छ। देशमै विभिन्न पेसा तथा व्यवसायमा आबद्ध व्यक्तिहरुले पनि आफ्नो पेसा तथा व्यवसायलाई छोडेर विदेशको यात्रा तय गर्नेहरुको संख्या बढ्दो क्रममा रहेको छ। देशमा भएका दक्ष जनशक्तिहरुको बढ्दो विदेश पलायनले देशको हरेक क्षेत्रलाई असर पुऱ्याउने हुँदा पनि सरकारले यसतर्फ ध्यान दिई अघि बढ्न जरुरी देखिन्छ। पछिल्लो समय जापान, अष्ट्रेलिया, अमेरिका, क्यानडालगायत विश्वका विभिन्न विकसित मुलुकहरुमा विद्यार्थी भिसामा जानेहरुको मोह बढ्दो रहेको छ। यसलाई कम गर्नको लागि राज्य मात्र नभएर स्वयम् अभिभावकहरु पनि जिम्मेवारी हुन जरुरी रहेको छ। अध्ययनको लागि विदेशको भिसा लागेर केक काट्न हतार हुने अभिभावकरुले विदेश गएपछि आउने चुनौतीहरुको बारेमा पनि नेपालबाट नै शिक्षा दिन जरुरी छ। लाखौं रुपैयाँको ऋणको भारी बोकेर अध्ययन गर्न गएका विद्यार्थीहरु आफ्नो पढाइ र स्वास्थ्यप्रति भन्दा पनि काम प्रति बढी चिन्तित र समय व्यतित गरेका हुन्छन्। नेपालमा हुँदा खानासम्म पकाउन नआउने विद्यार्थीहरुले एकैपटक विदेशमा गएपछि आफैं पकाउने, खाने, कलेज शुल्क, घरभाडा शुल्कलगायत सबै जिम्मा आफ्नै टाउकोमा लिदा उनीहरुलाई शारीरिक र मानसिक रुपमा नै निकै गाह्रो र कठिन हुने गर्दछ। फलस्वरुप कतिपय व्यक्तिहरुको सुतेकै अवस्थामा मृत्यु हुने गर्दछ भने कतिपयले आत्महत्यासम्म गरेका हुन्छन्।

विदेशमा विद्यार्थी भिसामा भविष्य सुरक्षित गर्न नेपालबाट सोचेभन्दा केही कठिन हुन सक्दछ, सुरुमा धेरै काम गर्न नसकिने र कलेज शुल्कलगायत अन्य सामान्य खर्चहरुको मूल्य पनि महङ्गो हुने भएकोले केही वर्ष नेपालबाट आर्थिक व्यवस्थापन गर्न सक्ने हो भने केही रुपमा भए पनि सहज हुन्छ, तर सबैको त्यो अवस्था नहुन पनि सक्छ। यतिबेला देशमा भएका युवाहरुको विदेश पलायनले गाउँहरु युवाविहीन जस्तै हुन पुगेको छ, डाडाँपाखाका उर्वरा खेतबारीहरु पुरै बाँझो भएका छन्, गाउँमा बुढा बा, आमा, श्रीमती र छोराछोरीहरु मात्रै रहेका छन्, विवाह, पूजाआजा, मृत्युमा युवाहरु पाउन निकै मुस्किन देखिन्छ।

विदेशले परिवारको खुशिको लागि पैसा त दिएको छ, तर जवानीदेखि अन्य धेरै कुराहरु लुटिदिएको छ। महान चाडपर्वहरुमा स्वदेश फर्किने मन हुँदाहुँदै पनि वर्षौं समय विदेशमै बिताउनु पर्ने कैयौं परदेशीहरुको बाध्यता रहेको छ। बुढा बा आमालाई उचित स्याहार नपुगि बिरामी हुँदा बेलैमा औषधि उपचार नपाएर ज्यान गुमाउनु पर्ने अवस्था कैयौं बुवाआमाको रहेको छ। घर खर्च चलाउँदै छोराछोरीहरुको अध्ययनको लागि पैसा पठाउँदा पठाउँदै रित्तो हात जवानी सकेर फर्किनु पर्ने आम नेपालीहरुको समस्या रहेको छ। केही व्यक्तिहरु काम गर्ने क्रममा शरीरमा चोटपटक लागि अङ्गभङ्ग भइ अपाङ्ग समेत हुने गर्दछन् भने कहिलेकाहीँ लास समेत बाकसमा फर्किने पनि गर्दछन्। परदेशी जीवन आफैँमा एउटा जिम्मेवारी र बाध्यताको यात्रा पनि हो, तर देशको अवस्था र आर्थिक अभावले गर्दा कैयौं नेपालीहरु विदेशिन विवश छन्।

कुनै पनि देशको चौतर्फी विकासको लागि सबैभन्दा बलियो हतियार भनेको युवाशक्ति हो। कुनै पनि देशको युवावर्ग पलायन हुनु भनेको स्वदेशी सिर्जनाको मूल शून्यतामा झर्नु हो। त्यसैले आजका युवावर्गको त्यो सीप, क्षमता, समय, ऊर्जा र ज्ञानलाई प्रयोग गरेर राज्य अगाडि बढ्न अत्यावश्यक भएको छ र यो कुरालाई राज्यले पनि गम्भीरताका साथ सोच्न जरुरी छ, होइन भने अबका केही वर्षमा देशमा नै युवाहरुको अभाव देखापर्ने छ। त्यसैले नेपाली युवाहरू किन विदेश पलायन हुँदै छन् भन्नेबारे सोचेर देशमा युवामुखी विभिन्न कानुन तथा कार्यक्रम तर्जुमा गरेर तत्काल लागू गर्नुपर्ने देखिन्छ। युवावर्गको विदेश पलायनको मनोविज्ञान बुझेर अगाडि बढ्न नसके राज्यलाई कालान्तरमा ठूलो घाटा नहोला भन्न सकिन्न। पछिल्लो समय नेपालको आर्थिक, सामाजिक तथा राजनीतिक परिवेशलाई हेर्ने हो भने पनि हरेक व्यक्तिमा राष्ट्रभाव र मातृत्व हुदाँहुँदै पनि देश छोड्न बाध्य भैरहेका छन्। देशमा निजी तथा सरकारी क्षेत्रमा लामो समयसम्म काम गरेका व्यक्तिहरु पनि पछिल्लो समय जागिर छोडेर विदेश पलायन तिर लागेका छन् र यसको प्रमुख कारण आर्थिक पाटो नै रहेको देखिन्छ। दैनिकी उपभोग्य वस्तुहरुको चर्को रुपमा मूल्यवृद्धि हुँदै जाँदा पनि सरकारले नागरिकको समस्यालाई बुझ्न नसक्नु नै आजको प्रमुख समस्या रहेको छ। केही निजी तथा सरकारी क्षेत्रका कर्मचारीहरुको मासिक आम्दानीले आफ्नो परिवार पाल्नलाई नै निकै कष्टकर रहेको बढ्दो महँगीले प्रष्ट पारेको देखिन्छ।

देशमा पर्यटन व्यवसायको उच्च सम्भावना हुदाँहुदैं पनि व्यवस्थित रुपमा सञ्चालन गर्न नसक्नु, हिमाली भेगमा उत्पादित वस्तुहरुले समयमा नै उचित मूल्यमा बजार नपाउनु, कृषिलाई आधुनिकीकरण गर्न नसक्नु, देशमा भएका कच्चा पदार्थको उत्पादनलाई प्रयोग गर्न औद्योगिक बजारको अभाव हुनु, साना किसिमका उद्योगका लागि नीतिगत प्रकृया झन्जटिलो हुनु, विदेशी लगानीकर्ताहरुलाई नीतिगत प्रकृयामा सहज बनाउन नसक्नु, देशमा गुण्डागर्दी र अपराधीहरुलाई राज्यका उच्च तहका व्यक्तिहरुद्वारा संरक्षण गर्नु साथै देशमा भ्रष्टचार र कालोबजारी मैलाउनु जस्ता विभिन्न कारणहरुले गर्दा पनि देशले सोंचे जति परिवर्तनको फड्को मार्न सकेको छैन।

त्यसैले यस्ता किसिमका समस्याहरुबारे राज्यको जिम्मेवारी निकायहरुले जबसम्म गम्भीर रुपमा सोंच्दैनन् तबसम्म देशमा नेपाली युवाहरुको विदेश पलायन निरन्तर बढ्नेछ। पछिल्लो समय देशमा बढिरहेको युवा पलायनलाई कम गर्नको लागि ग्रामीण क्षेत्रको विकासलाई विशेष ध्यान दिँदै देशमै रोजगारको सिर्जनाको लागि औद्योगिक कलकारखानालगायत देशको स्वास्थ्य, शिक्षालगायत अन्य कुराहरुलाई पनि विशेष ध्यान दिन जरुरी छ।

विदेशबाट आर्जन गरेका ज्ञान, सीपलाई स्वदेशमै प्रयोगमा ल्याउनको लागि राज्यले लगानी क्षेत्रलाई सहज बनाउँदै विशेष प्राथमिकता दिन जरुरी पनि छ। देशमा भएका युवाहरुलाई देशमै रोजगार तथा लगानीको सहज वातावरण बनाउँदै विदेशमा भएका युवाहरुलाई पनि देशमै उचित किसिमको रोजगार र व्यवसायको अवसर प्रदान गरी अघि बढेमा मात्र पछिल्लो समय देखिएको युवाहरुको विदेश पलायनलाई रोक्न सकिन्थ्यो कि !

***सत्यवती-२, चेहेमी गुल्मी, हाल जापान ओसाका***

# के तपाईंको गिजाबाट रगत आउने समस्या छ ?

सामान्यत दातको वरपरको मासुलाई गिजा भनिन्छ। आझभोलि गिजाबाट रगत आउने समस्या धेरै नै देखिएको छ। २०२२ मा गरिएको नर्वे अनुसन्धानका अनुसार ३० वर्षभित्रका मनिसहरुमा ५ मध्ये ४ लाई गिजाबाट रगत आउने समस्या देखिएको छ।

**किन आउँछ गिजाबाट रगत ?**

**१.नियमित दाँत सफा नगर्नु**

हाम्रो मुखामा धेरै किसिमका जिवाणु हुन्छन्। जसमध्ये प्रोफाइनोमस इन्डोडेन्टल्स, ट्रेपोनेमा डेन्टिकोला र फ्रेटिब्याक्टेरियम एसपीपीहरू गिजा सम्बन्धी रोगमा धेरै पाइएको छ। दाँत सफा नगर्दा यस्ता जिवाणुहरु सक्रिय हुने गर्छन्। जसले गर्दा गिजा सुन्निने गर्छ र रगत आउने समस्या देखिन्छ।

**२. कडा ब्रस र धेरै बलको प्रयोग**

हामीले ब्रस त गर्छौं, तर कस्तो ब्रस प्रयोग गर्नुपर्छ ख्याल गर्दैनौं। गिजाको छाला पातलो हुने भएकोले कडा ब्रस र धेरै बल प्रयोग गर्दा गिँजाको छालामा घाउ हुने र रगत आउने समस्या देखिन सक्छ।

**३.आहारमा भिटामिनको कमी**

हामीले खाने आहारमा सही मात्रामा भिटामिन नपुग्दा यसको कमीले आउने गिजासम्बन्धी समस्या निम्तिने गर्छ।

**४. वंशाणुगत रोग**

शरीमा हुने वंशाणुगत रोग जस्तै हेमोफिलिया , वन विलब्रान्ड डिजिज दिले पनि गिजाबाट रगत आउने समस्या निम्ताउन सक्छ।



**५. नियमित औषधी सेवन**

मुटुका बिरामीलाई रगत पातलो गराउन प्रयोग हुने औषधि सेवनले गर्दा गिजाबाट रगत आउने समस्या देखिन सक्छ।

**रोकथामका उपाय**

**१. मौखिक स्वास्थ्यमा ध्यान**

स्वस्थ मुख, स्वस्थ शरीर। त्यसैले खाना खाएपछि नियमित ब्रस गर्ने बानी बसाल्नुपर्छ। दुई दाँतको बिचको फोर सफा गर्न डेन्टल फ्लसको प्रयोग गर्नुपर्छ।

**२.नरम ब्रस र सही मात्रामा बल प्रयोग**

ब्रस गर्दा नरम ब्रस प्रयोग गर्ने गर्नुपर्छ। ब्रसको माथिल्लो भागलाई ब्रसिङ सरफेस भनिन्छ। ब्रस गर्दा यो भाग आधि दाँत र आधि गिजामा पर्ने गरेर राख्नु पर्छ । ब्रस गर्ने भन्दैमा धेरै बल र समय नलगाउने।

**३. गिजाको मसाज**

धेरैलाई गिजाको मसाजबारे थाह नहुन सक्छ। ब्रस गरेपछि सफा औंलाले गिजालाई मसाज गर्न सकिन्छ। यसोगर्दा गिजामा रगतको प्रवाह बढ्छ र रगत आउने समस्या कम हुँदै जान्छ।

**४. भिटामिनको प्रयोग**

भिटामिन सि र के बढी मात्रामा पाइने खाने कुराहरुको सेवन गर्ने

**५. डेन्टल चेकअप**

६ महिनामा एकचोटी आफ्नो दाँत सफा गर्न डेन्टल भिजिट गर्ने।

**६ . चिकित्सकको सलाह**

शरीरमा कुनै वंशाणुगत रोग भए/नभएको, आफूले खाने औषधिले गर्दा गिजाबाट रगत आएको बारे जानकारी लिन चिकित्सकलाई देखाउनुपर्छ।

# निर्वाचन प्रणाली परिवर्तन गर्न आवश्यक : सभामुख घर्ती



गोविन्द घर्ती

*देवदह*

अहिलेको निर्वाचन प्रणाली परिवर्तन गर्न आवश्यक रहेको लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले बताएका छन् ।

उनले अहिलेको निर्वाचन प्रणालीले राजनीतिक स्थायित्व दिन नसकेको बताउँदै प्रत्यक्ष निर्वाचितको व्यवस्था गर्न सकेमात्र अहिले प्राप्त गरेको अधिकार रक्षा गर्न सकिनेमा जोड दिए ।

परिवर्तनका लागि कार्यरत महिला समुहद्वारा देवदहमा आयोजित अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस तथा अन्तर्राष्ट्रिय गरिबी उन्मूलन दिवसलाई सम्बोधन गर्दै उनले उक्त कुरा बताएका हुन् ।

सभामुख घर्तीले राज्यले नारा राम्रो लेखे पनि कार्यान्वयन हुन नसकेको बताउँदै अग्रगामी छलाङ्ग भन्ने शब्द सबैले बोल्ने गरेको बताए । उनले संघीय लोकतान्त्रिक गणतन्त्रले पछाडि पारिएका समुदायलाई निर्णायक तहमा पुऱ्याउने काम गरेको दाबी गरे । उनले संघीय लोकतान्त्रिक गणतन्त्र आएपछि राज्यको हरेक निकायमा महिलाहरुको समानजनक सहभागिता रहेको उल्लेख गरे । सभामुख घर्तीले राजनैतिक दलहरुले महिलाहरुलाई विश्वास नगरेका कारण प्रमुख पदमा न्यून मात्रामा पुगेको जनाए ।

उनले नेपालमा रहेको संसदीय व्यवस्था पुरानो भएको बताउँदै प्रत्यक्ष निर्वाचित कार्यकारी हुने व्यवस्था गर्न आवश्यक रहेको बताए ।

उनले राज्यले पछाडि परेका समुदायलाई नचिनेको बताउँदै पछाडि परेका र पारिएका समुदायलाई अगाडि ल्याउन परिवर्तनका लागि कार्यरत महिला समूहले सहयोग गरेको औल्याए । सोही अवसरमा बोल्दै लुम्बिनी प्रदेशसभा सदस्य निर्मलादेवी चौधरीले परिवर्तनका लागि कार्यरत महिला समूहले महिला सशक्तिकरणमा उल्लेखनीय योगदान पुऱ्याएको बताइन् ।

सांसद चौधरीले आफूले पनि विगतका दिनमा वाचमा काम गरेको बताउँदै ग्रामीण क्षेत्रका महिलाको आर्थिक समृद्धि अहिलेको आवश्यकता रहेको बताइन् ।

परिवर्तनका लागि कार्यरत महिला समूहका कार्यकारी निर्देशक डा. नारायणकाजी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा देवदह नगरपालिकाका नगरप्रमुख ध्रुवप्रसाद खरेल, तिनाउ गाउँपालिका पाल्पाका उपाध्यक्ष लालबहादुर थापा, सरावल गाउँपालिकाका उपाध्यक्ष बासमती चमार, देवदह नगरपालिका-८, का वडाध्यक्ष हरिप्रसाद पाण्डे, लुम्विनी बौद्ध विश्वविद्यालयका डिन उकेशराज भुजु, ईन्दिरा अर्याल, दिलकुमारी घर्तीलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

कार्यक्रममा बुमन्स वर्ल्ड समिट फाउन्डेसनले वाचलाई प्रदान गरेको अन्तर्राष्ट्रिय पुरस्कार सभामुख घर्तीमगरले संस्थालाई हस्तान्तरण गरेका थिए ।

सो अवसरमा यसअघि विश्वका १० उत्कृष्ट महिलाको रूपमा अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भएका तीन जना महिलाहरू निर्मलादेवी चौधरी, इन्दिरा अर्याल र दिलकुमारी रोका मगरलाई वाचका कार्यकारी निर्देशक डा. नारायणकाजी श्रेष्ठले सम्मान गरेका थिए ।

परिवर्तनका लागि कार्यरत महिला समूहका कर्मचारी भावना क्षेत्रीको स्वागत र पार्वती श्रेष्ठको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# मनिप्लान्ट सहकारीको १२औं साधारण




परासी । मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.को १२औं पवार्षिक साधारण सम्पन्न भएको छ । पश्चिम नवलपरासीको सुनवल नगरपालिका वडा नं. ४ मा रहेको मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.को लि.को १२औं वार्षिक साधारण शनिबार सुनवलको फुड्स एण्ड फल्वायर होटलमा सम्पन्न भएको हो ।

संस्थाका अध्यक्ष बलबहादुर थापाको अध्यक्षता तथा लुम्बिनी प्रदेश सांसद खड्क बस्नेतको प्रमुख आतिथ्यतामा भएको कार्यक्रम बोल्दै सांसद बस्नेत सहकारीले सदस्यहरूलाई जुन क्षेत्रमा लगानी गरेको शेयर सदस्यले त्यस क्षेत्रमा लगानी गरेको छ कि छैन अनुगमन गर्न जरुरी रहेको बताए । सहकारीहरूले शेयर सदस्यभन्दा अरू ठाउँमा लगानी गर्दा अहिले सहकारीहरूमा समस्या आएको उनले बताए । शेयर सदस्यलाई उत्पादनमा जोडेर आत्मनिर्भर बनाउनु आजको आवश्यकता रहेको उनले जनाए ।

वि.सं. २०६९ सालमा स्थापना भएको उक्त सहकारीमा पुरुष २३८ जना र महिला ३२९ जना गरी ५ सय ६७ जना शेयर सदस्यहरू रहेको संस्थाका सचिव किशोर कर्मचार्यले जानकारी दिए ।

वार्षिक साधारणसभामा सचिव प्रतिवेदन किशोरकुमार कर्माचार्य लेखा समिति प्रतिवेदन ऋषिराम भुसाल, उमा कुमारी गुरूङ कोषाध्यक्ष र अध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

संस्थाले वार्षिक ४ करोडको ८८ लाख ४० हजार कारोबार गर्दै कुल १६ लाख ७६ हजार एक सय रुपैयाँ शुद्ध नाफा गर्न सफल भएको संस्थाका लेखा संयोजक ऋषिराम भुसालले जानकारी दिए । सहकारीले २०८०/८०१ मा ४ करोडको ८८ लाख ४० हजार ३ सय ८६ रुपैयाँ कारोबार गरेको उनले बताए ।शेयर पुँजी ४७ लाख ७३ हजार ८ सय रहेको छ भने तीन करोड ९९ लाख रहेको संस्थाले जनाएको छ । एसईईमा उत्कृष्ट अङ्क ल्याउने शेयर सदस्य छोराछोरीहरूलाई संस्थाले सम्मान गरेको थियो ।

संस्थाका बलबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष पदमबहादुर क्षेत्री, सुनवल नगरपालिका वडा नं. ४ वडाध्यक्ष बालकृष्ण पंगेनी, कबिता बाचक एवम् संस्थाका सदस्य लक्ष्मण पौडेल क्षेत्री, संस्थाका शेयर सदस्यतर्फबाट मदन पौडेल, मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्थाका सचिव किशोर कर्मचार्यले मन्तव्य राखेका थिए ।

# धमाधम बन्दै पन्ध्र शैयाका अस्पताल



गुल्मी । जिल्लाको गुल्मीदरबार गाउँपालिकाले जिल्लामै पहिलो पटक १५ शैयाको अस्पताल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन लागेको छ । गाउँपालिकाले एमबीबीएस डाक्टरका लागि आवेदन खुलाएको बताउँदै अस्पताल सञ्चालन गर्न लुम्बिनी प्रदेश सरकारसमक्ष आवश्यक उपकरणसमेत माग गरेको छ । गाउँपालिकाका अध्यक्ष सरोजकुमार थापाले कर्मचारीको व्यवस्थापन र आन्तरिक व्यवस्थापनका लागि पालिकाले योजना बनाएको बताए ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले देशभरका ३९६ स्थानीय तहमा एकै दिन अस्पतालको शिलान्यास गर्ने निर्णयअनुसार गुल्मीमा पहिलो पटक गुल्मीदरबारले अस्पताल निर्माण सम्पन्न गरी सञ्चालनको तयारी गरेको हो । कुल १२ करोड ९४ लाख ५६ हजार ९१३ रुपियाँको लागतमा अर्जुन बिल्डर्स तम्घास गुल्मीले अस्पताल निर्माण गरेको हो । यसका साथै चन्द्रकोट गाउँपालिकाको पनि अस्पताल निर्माण सम्पन्न भएको छ ।

छत्रकोट गाउँपालिका-४, श्रृङ्गामा अस्पताल शिलान्यास गरेको झन्डै चार वर्ष पुग्न लाग्दा पनि बन्ने नबन्ने अन्योल छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरबहादुर पुनले जग्गा प्राप्तिको कार्य सम्पन्न भई डीपीआर तयार भएको र डीपीआर स्वीकृत कसले गर्ने भन्नेबारेमा केन्द्रमा अन्योल रहेका कारण समस्या भएको बताए । मालिका गाउँपालिका-४, अर्खबाङमा शिलान्यास गरिएको जग्गामा मापदण्ड नपुगेको र अस्पताल निर्माण हुन नसक्ने भएकाले नजिकै जग्गाको व्यवस्थापन गरी यस वर्ष टेन्डरको प्रक्रियामा रहेको प्रमुख प्रशासकीय अधिकृत विकास खनालले जानकारी दिए ।

त्यस्तै धुर्कोट गाउँपालिकाको धुर्कोट रजस्थलमा लामो समयको कसरतपश्चात् मन्त्रालयबाट डीपीआर र नक्सा परिवर्तन गरी आएकाले अस्पतालको निर्माण सुरु गरिएको छ । पूर्वमन्त्रीसमेत रहेका गोकर्णराज विष्टले शिलान्यास गरेको अस्पताल निर्माणको जिम्मा रविना-अर्जुन-न्यू लिजा जेभीले १३ करोडभन्दा बढीको लागतमा पाएको छ ।

इस्मा गाउँपालिका-४, दोहलीस्थित गुरुङगाडेमा १५ शैयाको अस्पताल निर्माण २३ प्रतिशत भौतिक प्रगति भएको छ । रुरुक्षेत्र गाउँपालिका-१ को रातामाटामा निर्माणाधीन अस्पतालको करिब ७० प्रतिशत काम सम्पन्न भएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेका अनुसार यस आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।

कालीगण्डकी गाउँपालिका-३, कनौटामा करिब साढे १२ करोडको लागतमा खिम्ती-श्रेष्ठ-अञ्जना जेभीले अस्पताल निर्माण गरेको छ । सो अस्पतालको करिब ४० प्रतिशत भौतिक प्रगति भएको इञ्जिनियर सत्यनारायण राईले जानकारी दिए ।

सत्यवती गाउँपालिकामा १५ शैयाको अस्पताल-६ जोहाङमा निर्माण अन्तिम अवस्थामा पुगेको छ । पालिकाका इञ्जिनियर आशिष भट्टका अनुसार ६५ प्रतिशत भौतिक प्रगति सम्पन्न भएको छ ।

मदाने गाउँपालिका-६, पुर्कोट दहमा अस्पताल निर्माणको भौतिक प्रगति ६५ प्रतिशत सम्पन्न भएको छ । प्रमुख प्रशासकीय अधिकृत शालिकराम पन्थीका अनुसार ६५ प्रतिशत भौतिक प्रगति र ६० प्रतिशत आर्थिक प्रगति भएको छ । मुसीकोट नगरपालिका-७ मा १५ शैयाको अस्पताल निर्माण कार्य ७५ प्रतिशत भौतिक प्रगति भएको स्वास्थ्य शाखा प्रमुख डीबी जिसीले जानकारी दिए ।

# सातौं अन्तर्राष्ट्रिय आमन्त्रित राइनो गोल्ड कप सुरु

मध्यविन्दु (नवलपरासी) । दुर्लभ एकसिङ्गे गैंडासंरक्षणका लागि जनचेतना जगाउने ध्येयले नवलपरासी(बर्दघाट-सुस्तापूर्व)को कोल्हुवामा सातौं अन्तर राष्ट्रिय आमन्त्रित राइनो संरक्षण गोल्ड कप फुटबल प्रतियोगिता शनिबारदेखि सञ्चालन हुँदैछ ।

मध्यविन्दु नगरपालिका-२ कोल्हुवास्थित राइनो रङ्गशालामा आयोजना हुने सो प्रतियोगितामा 'ए' डिभिजनका तीन वटासहित भारतीय टिमका १२ क्लब सहभागी हुनेछन् ।

खेलकुदका माध्यमबाट युवामा वन, वन्यजन्तु एवं वातावरण संरक्षणका लागि चेतनाको विकास र विस्तार गर्ने, खेलकुद तथा पर्या-पर्यटनको वृद्धि गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नेलगायतका उद्देश्यले प्रतियोगिता आयोजना गरिएको राइनो क्लबका अध्यक्ष दोमन भण्डारीले बताए ।

गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले उद्घाटन गर्ने प्रतियोगिताको उद्घाटन खेलमा हनामी क्लब र देशभक्त फुटबल क्लब भिड्ने छन् । भारतको मणिपुरबाट फुटबल क्लब आमन्त्रित रूपमा खेलमा सहभागी हुने राइनो क्लबका अध्यक्ष भण्डारीले जानकारी दिए ।

यही कात्तिक १४ गतेसम्म हुने प्रतियोगिताको विजेताले उपाधिसहित रु आठ लाख पुरस्कार हात पार्नेछ । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकलाई पनि आकर्षक पुरस्कारको व्यवस्था रहेको अध्यक्ष भण्डारीले बताए । प्रतियोगिता विसं २०७० देखि सञ्चालन हुँदै आएको छ ।

# धान उत्पादन बढ्ने प्रक्षेपण

नेपालगञ्ज । बाँकेमा यस वर्ष धानको उत्पादन बढ्ने प्रक्षेपण गरिएको छ । अनुकूल मौसम र समयमा रोपाइँ भएकाले उत्पादन बढ्ने कृषि ज्ञान केन्द्रले बताएको हो ।

केन्द्रप्रमुख विनोद घिमिरेले किसानको मौसम अनुकूल भएकाले धानको उत्पादन बढेको, तर यसलाई मापन गर्न 'क्रस कटिङ'को विधिअनुसार तथ्याङ्क आउनुपर्ने बताए । उनले दसैंअघि नै त्यसका लागि स्थानीय तहसँग समन्वय गरिरहेको जनाए । "हामी फिल्डमा पुग्दा किसान उत्साहित देखिनुहुन्छ, धानको उत्पादन पनि राम्रो भएको देखिएको छ ।"-उनले भने ।

जिल्लाको ३४ हजार पाँच सय दुई हेक्टर क्षेत्रफलमा धान खेती भएको केन्द्रले जनाएको छ । यसवर्ष प्रति हेक्टर कम्तीमा ४.३ मेट्रिकटन धान उत्पादन हुने उनको अनुमान छ ।

जिल्लाको राप्ती सोनारी गाउँपालिका-४ वैजापुर निवासी हरेराम चौधरीले गतवर्ष भन्दा यसवर्ष १५ प्रतिशत धानको उत्पादन बढ्ने बताए । उनले समयमा नै पानी परेको र समयमा रोपाइँ भएकाले धानको उत्पादन बढ्ने तर्क गरे ।

**पर्यटकीय....**

वर्षौंदेखि नगरको फोहोर वडा नं. १ मै फालिन्थयो, चाहे झण्डी बजार होस् या पर्यटकीय गेट नजिकै, तर वडावासीले केही पाउँदैनथ्यो । अहिले भने विकास बजेटमा नगरपालिकाबाट बजेट विनियोजन गराई काम गरिरहेको अध्यक्ष पोखरेलले जनाए । फोहोरको कारण स्थानीय नागरिकको बिमा समेत भएको छ ।

नगरपालिकाले स्वास्थ्यसँग पनि खेलवाड गर्दै उपभोक्ताको भान्सामा दैनिक प्रयोग हुने नुन गोदामसँगै फोहोर फाली रहेको छ । खुला रुपमा फालिएको फोहोरको असर नजिकै रहेको साल्ट ट्रेडिङको नुन भण्डारणमा पक्कै परेको छ । उपभोक्ताको स्वास्थ्यलाई प्रत्यक्ष असर पर्ने गरी नुन भण्डारण क्षेत्रमा गर्दा फोहोर फाल्नु स्वास्थ्यका लागि उच्च जोखिम छ । बिक्री वितरण नगरेर संचिति गर्नका लागि साल्ट ट्रेडिङ कर्पोरेशनले त्रिपालले ढाकेर नुन राख्ने गरेको छ । नुन सुरक्षित रुपमा राखे पनि नगरपालिकाले यस विषयमा सोच्नु पर्छ, जनताको स्वास्थ्यसँग खेलवाड हुने काम नगरपालिकाले गर्न हुँदैन ।

सिद्धार्थ राजमार्ग र डण्डा नदीको पुलसँगै रहेको सो फोहोर फालेको क्षेत्र नजिकै सशस्त्र प्रहरीको पनि युनिट छ । गन्धको असर राजमार्ग आवागमान गर्नेलाई परे पनि सधैं चेकजाँचमा खटेका सुरक्षाकर्मीलाई पनि पर्ने गरेको छ । एक सुरक्षाकर्मीले भने-'हामीलाई त सिद्धार्थनगरको फोहोरले पिछा छोड्ने भएन, गणमा हुँदा उता फोहोरले सास्ती भोगेका थियौं, अहिले यहाँ पनि सोही समस्या छ ।'स्थानीयलाई नगरपालिकाले फोहोर फालेबापत विकासका कामहरु गर्ने सहमति गरेको थियो, जसको फलस्वरुप आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ मा नौडिहवा रोड उत्तर कब्रिस्तान जाने बाटोका लागि १० लाख, कोटहीमाई मन्दिर भौतिक निर्माणका लागि १५ लाख, राधाकृष्ण पथ बाटो तथा नाला निर्माण २० लाख, नौडिहवा मस्जिदका लागि १५ लाख, स्थानीयको निःशुल्क स्वास्थ्य बिमा, रानी गाउँचोकदेखि नयाँ गाउँ नाला निर्माण र मनकामना पथमा नाला निर्माणको लागि बजेट दिइएको छ ।

सिद्धार्थनगर नगरपालिकाका फोहोर व्यवस्थापन प्रमुख अधिकृत केशव पौडेल रहे पनि अहिले उनले राजीनामा दिएका छन् ।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले भने-'सिद्धार्थनगरको फोहोर मैला व्यवस्थापनको सम्बन्धमा प्रयासरत रहेका छौं, सार्वजनिक साझेदारीअन्तर्गत निजी क्षेत्रको सहकार्यमा व्यवस्थापन गर्ने मनसाय नगरपालिका आएको छ । सरकारी तवरबाट गर्न नसक्ने स्थिति आएपछि मोटामोटी केहीसँग कुराकानी पनि भएको छ, कुन तरिकाले कसरी जानेबिच एक प्रकारको खाका बनिसकेकोले छिट्टै नतिजा देखिने गरी नगरपालिकाले काम गर्छ ।

'नगरपालिकाले यसअघि पनि धेरै पटक व्यवस्थापनका लागि प्रयास गरेको हो । छिमेकी पालिकाको साझेदारी र सहकार्यमा समेत गर्ने योजना बनाउँदा राजनीतिक पक्ष सहमत नहुँदा राजनीतिकरणले पटक-पटक बिथोलिएको हो । एसियाली विकास बैंकको सहयोगमा परियोजना ल्याउनेबारे छलफल भए पनि सफल हुन नसकेपछि अहिले निजी क्षेत्रलाई दिने निचोडमा नगरपालिका पुगेको छ । तत्कालका लागि हाल सिद्धार्थनगर १ मा फोहोरमैला व्यवस्थापन भइरहेको छ, २४ घण्टा जेसिभी राखेर फोहोर माटोले पुर्ने र गन्ध व्यवस्थापनका लागि मट्टीतेल छर्कने काम निरन्तर भइरहेको प्रमुख प्रशासकीय अधिकृत थापाले दाबी गरे ।

**प्यूठानका....**

यसैगरी पालिकाभित्र फरक-फरक व्यवसाय गरेमा वैदेशिक रोजगारीमा जाने युवाको संख्यामा कमी आउन सक्ने विश्वास समेत उनले व्यक्त गरे । माण्डवी गाउँपालिकाका कृषि शाखा प्रमुख सनत केसीले कृषि शाखाले उन्नत जातको बिउ उपलब्ध गराउनुको साथै प्राविधिक सहयोग गरेको बताए ।

त्यस्तै यता प्यूठान नगरपालिका-२ जुम्रीमा पनि राधा अधिकारी र रेखा विष्टले संयुक्त रुपमा करिब ९ रोपनी जमिन भाडामा लिइ फूलखेती तथा नर्सरी सञ्चालन गरेका छन् । विगत ७ वर्षदेखि सौन्दर्य पुष्प कृषि नर्सरी सञ्चालन गरी करिब एक सय प्रजातिमा फूलका बिरुवाहरु उत्पादन गर्दै आएको रेखा विष्टले बताइन ।

सुरुवातमा ३ रोपनी जग्गा भाडामा ल्याइ नर्सरी सञ्चालन गरेको बताउँदै विशेष गरी तिहार पर्वलाई लक्षित गरी फूल खेती उत्पादन पनि गर्दै आएको राधा अधिकारीले बताइन । इनडोर प्लान्ट, आउडोर प्लान्टलगायतका हरेक प्रजातिका फूलका बिरुवा र तरकारीका बेर्ना समेत उत्पादन गर्दै आएको उनीहरुको भनाइ छ ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८१ कार्तिक ०४, गते आइतबार
Sunday Oct. 20, 2024
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# भैरहवामा बीपीस्मृति कप टी-२० क्रिकेट सुरु




भैरहवा। भैरहवामा पाँच देशका प्रथम श्रेणीका खेलाडीहरुको सहभागितामा क्रिकेट प्रतियोगिता सुरु भएको छ।

नेक्सस क्रिकेट एकेडमीको आयोजनामा भैरहवाको सिद्धार्थ क्रिकेट रंगशालामा बीपी कोइरालास्मृति कप टी-२० क्रिकेट प्रतियोगिताको नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले उद्घाटन गरेका हुन् । शनिबार भएको पहिलो खेलमा भारतीय क्लब लाइफ केयर क्रिकेट क्लबले पाकिस्तानी क्लबलाई ९ विकेटको फराकिलो अन्तरले पराजित गरेको छ।

टस हारेर ब्याटिङको निम्तो पाएको पाकिस्तानको जावेद इन्टरनेशनल स्पोर्टस् एकेडमीले निर्धारित २० ओभर पनि खेल्न सकेन। १८ दशमलव १ ओभरमा आफ्ना सबै विकेट गुमाउँदै पाकिस्तानले ८९ रन मात्र बनाउन सक्यो। उसको लागि सर्वाधिक रन रिसभ जोशीले बनाए। रिसभले ३१ बलको सामना गर्दै ४ छक्का र ३ चौकाको सहयोगमा ४६ रन बनाए । यस्तै पाकिस्तानका अलि हुसेनले २५ रन बनाउँदा अन्य कुनै पनि ब्याटरले दोहोरो अंक समेत जोड्न सकेनन् ।

बलिङ्गतर्फ भारतका रोहित डाङ्गवलले ४ ओभरमा १९ रन खर्चिंदै पाकिस्तानको ४ महत्वपूर्ण विकेट लिए । भारतकै योगेश कुमार र सक्षमले समान ३/३ विकेट लिए।

९० रनको विजयी लक्ष्यसहित मैदान छिरेको भारतको लाइफ केयर क्रिकेट क्लबले ७ दशमलव ५ ओभरमा १ विकेट गुमाउँदै विजयी भयो । आइपिएल खेलिसकेका भारतीय खेलाडी दिपक पुनियाले भारतको लागि ६४ रनको पारी खेले । उनले २५ बलको सामना गर्दै ६ छक्का र ६ वटा नै चौका प्रहार गरे। यस्तै दिपांशु फोरेले अविजित २१ रन र राजेश शर्माले अविजित २ रन बनाए।

पाकिस्तानको लागि एक मात्र विकेट पाकिस्तानको राष्ट्रिय टोलीमा समेत रहेका इमरान नाजिरले लिए।

दोस्रो खेलमा शंकर रानाको उत्कृष्ट ब्याटिङ र साहब आलमको बलिङको मद्दतमा नेक्सस रुपन्देही-११ नेपालले श्रीलंका राज्य सेवा क्रिकेट संघ श्रीलंकालाई ९ विकेटले पराजित गर्यो । सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको श्रीलंकाका अधिकांश ब्याटर नचल्दा निर्धारित खेलमा ९ विकेटको क्षतिमा जम्मा ८६ रन मात्रै जोड्यो। जसमा राज विरा र समानेरा परेराले १६-१६, नानी वासुपल्लीले १५, समन कुमाराले १४ र इन्दुनिल प्रसादले १२ रन जोडे। बलिङमा उसलाई सस्तैमा रोक्न नेक्सस रुपन्देही नेपालका साहब आलमले ४ ओभरमा ९ रन खर्चेर ३, दुर्गेश गुप्ता र दिनेश अधिकारीले समान २-२ तथा वसिर अहम्मदले १ विकेट लिए।

प्रतिउत्तरमा नेक्सस रुपन्देही नेपालले ७ ओभर ५ बलमा १ विकेट गुमाउँदै ८७ रन बनाई जित निकाल्यो। उसका लागि शंकर रानाले २८ बलमा ५ छक्का र ३ चौकाको मद्दतमा ५३ रनको अर्धशतकीय इनिङ खेली नटआउट रहे। उनले १७औं ओभरमा लगातार ४ छक्का समेत प्रहार गरेका थिए। यस्तै, सुमित महर्जनले ३१ रन बनाई नटआउट रहन सफल भए। बलिङमा श्रीलंकाका समानेरा परेराले १ विकेट लिए। नेपालका साहब आलम म्यान अफ द म्याच भई ५ हजार रुपैयाँ प्राप्त गरे।

कार्तिक १० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा दक्षिण एशियाली चारवटा टेष्ट राष्ट्र भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र नेपालसहित ५ देशका प्रथम श्रेणीका खेलाडीहरुको सहभागितामा हुने आयोजक नेक्सस क्रिकेट एकेडेमीका अध्यक्ष भरतकुमार शाहीले बताए । प्रतियोगितामा बंगलादेशबाट गुलाज वरियर्स बंगलादेश, टाइगर्स इन्टरनेशनल स्पोर्ट्स पाकिस्तान, नेक्सस रुपन्देही ११ रुपन्देही, लाइफ केयर क्रिकेट क्लब भारत, श्रीलंका स्टेट सर्विसेज क्रिकेट एसोसिएसन टीमको सहभागिता रहेको छ।

विजयी टिमलाई रु ५ लाख र उप बिजेता टिमलाई रु ३ लाख पुरस्कार रहेको छ। यस्तै प्रतियोगिताका उत्कृष्ट खेलाडीलाइ ३५ हजार, उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरलाई जनही २० हजार तथा प्रत्येक खेलमा म्यान अफ द म्याचलाई ५ हजार प्रदान गरिनेछ।

नेपालका प्रथम जन निर्वाचित प्रधानमन्त्री विशेश्वरप्रसाद कोइरालाको स्मृतिमा आयोजित यो प्रतियोगिताले रुपन्देही मात्र नभइ नेपालकै क्रिकेटको विकासमा महत्वपूर्ण भूमिका निभाउने आयोजकको अपेक्षा रहेको छ।

नेपालका प्रथम जन निर्वाचित प्रधानमन्त्री विशेश्वरप्रसाद कोइरालाको स्मृतिमा आयोजना भएको यो प्रतियोगिताले नेपाली खेलाडीहरुमा अनुभव साटासाट हुने र यस क्षेत्रको पर्यटन विकासमा सहयोग पुग्ने अपेक्षा रहेको छ। काठमाडौंमा हुने यो प्रतियोगिता खेलमैदान मर्मतको क्रममा रहेकोले र ग्राउण्डमा एनपीएलको तयारी गर्नु परेकोले यो प्रतियोगिता भैरहवामा गरिएको हो । पहिलो चरणमा ५ वटा टिमबिच लिग चरणको १० वटा खेल हुनेछ भने अन्तिम ४ मा पुगेकाहरुबिच २ वटा सेमिफाइनल र फाइनल गरी कुल १३ वटा खेल यहाँ हुने रुपन्देही क्रिकेट संघले जानकारी दिएको छ। प्रत्येक दिन २ वटा खेल खेलाइने छ, प्रतियोगितालाई नेपाल क्रिकेट संघले आधिकारिकता प्रदान गरेको छ भने प्राविधिक सहयोग रुपन्देही क्रिकेट संघले गरेको छ ।

# रेसुङ्गा विमानस्थलमा एक महिनादेखि उडान अवरुद्ध




गुल्मी । रेसुङ्गा विमानस्थलमा एक महिनादेखि लगातार उडान अवरुद्ध भएको छ। खराब मौसमका कारणले असोज ४ गतेदेखि लगातार उडान अवरुद्ध हुँदै आएको नेपाल एयरलाइन्स रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले बताए।

नेपाल एयरलाइन्सको ट्वीनेटर जहाजले हप्ताको २ दिन बुधबार र शुक्रबार उडान गर्दै आएको छ। चाडपर्वको समयमा लगातार उडान अवरुद्ध हुँदा नागरिकले सेवा लिन पाएका छैनन्।

नेपालीहरुको दोस्रो ठूलो पर्व तिहार आउन दुई हप्ता मात्रै समय बाँकी छ। यही समयमा वर्ष दिनदेखि टाढा रहेका आफन्तहरु घर फर्किने समय पनि हो। यो समयमा हवाई यात्रामार्फत् आफ्नो गन्तव्यमा जाने कयौं नेपालीहरु रहेका छन्। तर, अहिले यही समयमा मौसम खराब देखाएर रेसुङ्गा विमानस्थलबाट उडान हुन सकिरहेको छैन।

महत्वपूर्ण चाड पर्वको समयमा लगातार उडान अवरुद्ध हुँदा नागरिक असन्तुष्ट छन् । रेसुङ्गा विमानस्थलका लागि काठमाडौंबाट बिहान ६ बजेर ३० मिनेट र काठमाडौंका लागि बिहान ७ बजेर ४५ मिनेटमा उडान हुने गरेको छ।

बिहानी समयमा बादल लाग्ने गरेकाले लगातार उडान अवरुद्ध हुँदै आएको छ । यसको विकल्प खोज्नु पर्ने स्थानीयको माग छ।

वर्षातको समयमा बिग्रेका र नयाँ बाटो विस्तारले गर्दा काठमाडौंबाट गुल्मी आउन १२ घण्टाको बाटो अहिले झण्डै २२ घण्टा सवारी साधनमा कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्था रहेको छ। मौसम खराबको कारणले गत असारको दोस्रो साताबाट २ मिहनासम्म उडान अवरुद्ध हुँदै आएको थियो।

पछिल्लो भदौ महिनामा केही दिन उडान भएको थियो। तर, अहिले दसैं तिहार जस्ता महत्वपूर्ण चाडपर्वको समयमा लगातार उडान अवरुद्ध हुँदा नागरिकले सेवा लिनबाट वञ्चित भएका छन्। यात्रुको अत्याधिक चाप बढेपछि रेसुङ्गा विमानस्थलबाट साप्ताहिक तीन उडानको अनुमति पाएको छ।

तर, पछिल्लो केही समयदेखि शुक्रबार मात्रै उडान भइरहेको स्टेशन प्रमुख थापाले बताए । हवाई यात्रामा गुल्मी जोडिएसँगै पछिल्लो समय जिल्लाका पर्यटकीय स्थलमा अन्तर्राष्ट्रिय पर्यटन भित्रिन थालेका थिए।

अहिले गुल्मीबाट काठमाडौंका लागि ७ हजार ८० र काठमाडौंबाट गुल्मीका लागि ७ हजार २८० रुपैयाँ भाडा रहेको छ। रेसुङ्गा विमानस्थल रेसुङ्गा नगरपालिकाको वडानम्बर-१० को सिमीचौरमा पर्दछ।

जिल्ला सदरमुकाम तम्घासबाट करिब ५ मिलोमिटर कच्चीबाटोपछि विमानस्थल पुग्न सकिन्छ। विमानस्थलबाट गतवर्षको बैशाख २९ गतेबाट व्यवसायिक उडान सुरु गरिएको थियो । गुल्मीबाट धैरै जसो वृद्ध, बिरामी, सुत्केरीलगायतका नागरिकले सेवा लिएको थापाले बताए।

# कृषकलाई प्रविधिसँग जोड्दै वाणगङ्गा



कपिलवस्तु । कपिलवस्तुको वाणगङ्गा नगरपालिकाले कृषकहरूलाई प्रविधिमा जोड्न सुरु गरेको छ।

खेती गर्ने तरिका, सिँचाइ गर्ने समय, मल राख्ने तालिका, बिउ राख्ने र खेती बालीमा लाग्ने रोग लाग्दा गरिने उपचार प्रविधिमार्फत् दिने गरी सेवा सञ्चालन भएको छ। पाथवे प्रविधि तथा सेवा प्रा.लि ले निर्माण गरेको 'जियो कृषि' एप्स नगरपालिकाले प्रयोगमा ल्याएको हो।

पालिकाले एप्समार्फत् २ वर्षदेखि कृषकलाई प्रविधिसँग जोड्ने अभियान सुरु गरेको थियो । नगरपालिकाका ५ हजार कृषकले सेवा लिएका छन् । एप्समा खेतको लोकेसनसहितको विवरण, बाली लगाएको समयलगायतका विवरण हालेपछि सिँचाइ गर्ने समय, मल हाल्ने समयको कृषकलाई एसएमएसमार्फत् जानकारी दिने वाणगङ्गा नगरपालिकाका नगर प्रमुख चक्रपाणि अर्यालले बताए।

नगरपालिकाले सङ्कलन गरेको सर्वेक्षणअनुसार १५ हजार बढी घरधुरी कृषि पेसामा आबद्ध छन्। सेवा लिएका ५ हजारमध्ये १ हजार बढी सक्रिय रहेका छन् । एप्समार्फत् कृषकले नगरपालिकाले जारी गरेको सूचना प्रमुख बजारका मूल्य सूची, मौसमको जानकारी समेत थाहा पाउने कृषि शाखा प्रमुख लेषबहादुर केसीले जानकारी दिए।

एप्स प्रयोग गर्दा तत्काल बालीमा लागेको रोग, किराको प्रकोपको उपचार गर्न समेत सहज भएको छ। बालीमा देखिएको समस्याको फोटो खिँचेर राख्दा देखिएको समस्या र उपचारमा प्रयोग गर्ने औषधिको समेत जानकारी दिने भएकोले युवा कृषकलाई सहज हुने मटेरीयाका कृषक इन्द्रेस चौधरीले बताए।

# रामग्राम स्तूपमा पर्यटकको चहलपहल



नवलपरासी। जिल्लाको रामग्राम-७ स्थित रामग्राम स्तूपमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको छ। सो ऐतिहासिक स्तूपमा गौतमबुद्धको सिङ्गो अस्तुधातु रहेको छ।

लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराईले रामग्राम स्तूप, पण्डितपुर, लुम्बिनी, तिलौराकोटलगायत स्थान हेर्न आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको बताए।

शुक्रबार मात्र इण्डोनेसियाबाट २८ पर्यटकले रामग्राम स्तूपामा आएर दीप प्रज्ज्वलन गरेका जनाइएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७५५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com